विद्या ददाति विनयम
श्री जनता माध्यमिक विद्यालय
वराहक्षेत्र नगरपालिका - ११, मधुवन, सुनसरी (नेपाल)
**Shree Janata Secondary School**
Barahakshetra Municipality-11,Madhuwan, Sunsari (Nepal)
कोशी प्रदेश

SCHOOL IEMIS
060340001

प.सं.: २०८३/०८४
च.नं. २२

मिति- २०८३/०५/१८

बिषयः स्थायी शिक्षक सरुवा भई आउन इच्छुक सम्बन्धमा।

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/१८ गतेको निर्णय तथा शिक्षा, युवा तथा खेलकुद शाखा, बराहक्षेत्र, चक्रघट्टी, सुनसरीको च.नं. ३५, मिति २०८३/०५/१८ गतेको अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको देहायको पदमा सरुवा भई आउन इच्छुक समान तह र श्रेणीमा कार्यरत स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातसहित विद्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको म्यादभित्र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को अनुसूची– १७ बमोजिमको ढाँचामा तपसिलबमोजिमका कागजातहरू संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ। म्याद नाघी प्राप्त भएका तथा आवश्यक कागजात पूरा नभएका निवेदनहरूलाई मान्यता दिइने छैन।

तपसिल

१. तह/श्रेणी – माध्यमिक / तृतीय
२. विषय - अङ्ग्रेजी
३. पद – स्थायी शिक्षक
३. रिक्त पद सङ्ख्या – १ (एक)

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू

१. शिक्षक सरुवाको लागि दिएको निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी/अस्थायी नियुक्ति पत्रको प्रतिलिपि।
४. सेवा प्रमाणित पत्र।
५. विभिन्न बिदा लिएको/नलिएको खुल्ने कागजात।
६. शैक्षिक योग्यता तथा तालिम प्रमाणपत्रका प्रतिलिपिहरू।
७. हाल कार्यरत विद्यालयको सहमति पत्र।
८. सम्बन्धित स्थानीय तहको सहमति पत्र।
९. विशेष प्रकारका शिक्षकको हकमा सो प्रमाण खुल्ने प्रमाणपत्र वा प्रमाणित गर्ने कागजात।
१०. अन्य आवश्यक तथा सम्बन्धित कागजातहरू।

नोटः निवेदन पेश गर्दा माथि उल्लिखित सम्पूर्ण कागजातहरू प्रमाणित गरी संलग्न गर्नुपर्नेछ। निर्धारित समयभित्र आवश्यक कागजातसहित प्राप्त भएका निवेदनहरूमध्ये प्रचलित कानून तथा सम्बन्धित निकायबाट जारी नियम/निर्देशनबमोजिमको प्रक्रिया पूरा गरी सरुवा सम्बन्धी आवश्यक कार्य अगाडि बढाइनेछ।

बोधार्थ:

१. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, बराहक्षेत्र, चक्रघट्टी, सुनसरी ।
२. श्री बराहक्षेत्र नगरपालिका वडा नं. ११ को वडा कार्यालय ।
३. श्री शिक्षा बिकास तथा समन्वय एकाइ, सुनसरी ।

प्रधानाध्यापक
श्री जनता माध्यमिक विद्यालय
९८६२१७५९०५

School's Email Address janatamavimadhuvan@gmail.com,